# स्थानीय राजपत्र

**देवदह नगरपालिका, रूपन्देहीद्वारा प्रकाशित**

**खण्ड ४) देवदह नगरपालिका, मितिः २०७८/०३/३१ (संख्या १**

## भाग–२

### देवदह नगरपालिका, रूपन्देही

देवदह नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन,२०७४ को दफा ४ बमोजिम देवदह नगरकार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ।

**सम्वत् २०७८ सालको कार्यविधि नं. १**

**कार्यविधिको नाम : देवदह नगरपालिकाका करार कर्मचारीहरूलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध गराउने कार्यविधि, २०७८**

नगर कार्यपालिकाबाट स्वीकृत मिति: २०७८/०३/२२

**प्रस्तावना:**

नेपालको संविधानको धारा ३४ को उपधारा २ अनुसार श्रमिकलाई योगदानमा आधारित सामाजिक सुरक्षाको हक सुनिश्चितता गर्न बाञ्छनिय भएकाले देवदह नगर कार्यपालिकाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा २ ले दिएको अधिकार प्रयोग गरि यो कार्यविधि बनाई लागु गरेको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस कार्यविधिको नाम देवदह नगरपालिकाका करार कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध गराउने कार्यविधी, २०७८ रहेको छ।

(२) यो कार्यविधि नगर कार्यपालिकाले पारित गरेको मिति देखी लागु हुनेछ।

२. **रिभाषा:** बिषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यबिधिमा, -

(क) "कार्यविधि" भन्नाले देवदह नगरपालिकाका करार कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध गराउने कार्यविधी, २०७८ सम्झनु पर्दछ।

(ख) " नगरकार्यपालिका" भन्नाले देवदह नगरकार्यपालिका सम्झनु पर्दछ।

(ग) "नगरपालिका" भन्नाले देवदह नगरपालिकालाई सम्झनु पर्दछ।

(घ) "सभा" भन्नाले देवदह नगरपालिकाको सभालाई सम्झनु पर्दछ।

(ङ) "संविधान" भन्नाले नेपालको संविधान, २०७२ सम्झनु पर्दछ।

(च) "वडा" भन्नाले देवदह नगरपालिकाका सवै वडा कार्यालयहरुलाई सम्झनु पर्दछ।

(छ) "स्वास्थ्य संस्था" भन्नाले देवदह नगरपालिका नगर कार्यपालिका कार्यालय मातहत रहेका स्वास्थ्य संस्थाहरुलाई सम्झनु पर्दछ।

(ज) "प्रमुख" भन्नाले देवदह नगर कार्यपालिकाका प्रमूख सम्झनु पर्दछ।

(झ) "उप-प्रमुख" भन्नाले देवदह नगर कार्यपालिकाका नगर उप- प्रमूख सम्झनु पर्दछ।

(ञ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले देवदह नगरकार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ।

(ट) "सामाजिक सुरक्षा कोष" भन्नाले संघीय सरकारबाट बनाएको योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ को कोषलाई सम्झनु पर्दछ।

(ठ) "करारका कर्मचारी" भन्नाले देवदह नगरपालिका, नगरपालिकाको कार्यालयले तलब भत्ता भुक्तान गर्ने करार सेवाका कर्मचारीहरुलाई सम्झनु पर्दछ।

**३. जिम्मेवारी र उत्तरदायित्व:**

(१) नगरपालिका भित्र, वडा कार्यालय र यस मातहत रहेका देवदह नगरपालिका नगर कार्यपालिकाको कार्यालयले तलब भत्ता भुक्तान गर्ने करार कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध गराउदै लैजानु देवदह नगरपालिका नगर कार्यपालिका कार्यालयको जिम्मेवारी रहने छ।

(२) नगरकार्यपालिकाले आफ्ना करार कर्मचारीहरुलाई बार्षिक रुपमा आवश्यक पर्ने कर्मचारिहरुको लागि रोजगारदाताले बुझाउनु पर्ने २० प्रतिशत रकम सुनिश्चितता गरी नगरसभाबाट बिनियोजित गराउनु पर्नेछ।

(३) देवदह नगरपालिका नगर कार्यपालिका कार्यालय वा नगरपालिका कार्यालय मातहत रहेका वडा कार्यालय तथा स्वास्थ्य संस्थामा कार्यरत करार कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध गराउन यो कार्यविधि नगर कार्यपालिकाबाट

पारित भए पश्चात स्वतः लागु हुनेछ। कर्मचारीहरुको सामाजिक सुरक्षा कोषमा आवद्ध गराउने कार्य देवदह नगरपालिका नगर कार्यपालिकाको कार्यालयले गर्नुपर्नेछ।

(४) देवदह नगरपालिका नगर कार्यपालिकाको कार्यालयले योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध कर्मचारीहरुको योगदानको रकम प्रत्येक महिना योगदानकर्ताको तर्फबाट ११ प्रतिशत र रोजगारदाताको तर्फबाट २० प्रतिशत गरि जम्मा ३१ प्रतिशत रकम सामाजिक सुरक्षा कोषमा जम्मा गर्नेछ।

**४. समिति गठनः**

(१) करार कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा सूचिकृत गरि आवद्ध गराउन देहाय बमोजिमको समिति गठन गरिनेछ।

(क) प्रमूख प्रशासकीय अधिकृत - संयोजक

(ख) आर्थिक प्रशासन शाखा - सदस्य

(ग) कर्मचारी प्रशासन शाखा प्रमुख - सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछः

(क) नगरकार्यपालिकाका निरन्तर ६ महिना वा सो समय भन्दा बढी सेवा अवधि कार्य गरेका करार कर्मचारीहरु योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध वा सूचिकृत हुने संख्याको एकिन गर्ने।

(ख) नेपाल सरकारले जारी गरेको योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, सो सम्वन्धमा वनेका नियमावली, कार्यविधि, राजपत्र तथा संघीय मामिला तथा सामान्य

प्रशासन मन्त्रालयद्धारा गरिएका परिपत्रहरुमा सम्वन्धित रहेर करारका कर्मचारीहरुलाई सामाजिक सुरक्षा कोषमा आवद्धता गराउने।

(ग) अनलाईन माध्यमबाट नगरकार्यपालिकालाई रोजगारदाताको रुपमा र करारका कर्मचारीहरुलाई योगदानकर्ताको रुपमा सूचिकृत गर्न सामाजिक सुरक्षा कोषसंग समन्वय गरि सूचिकरण गर्ने वा गराउने।

(घ) करारका कर्मचारीहरुलाई योगदानकर्ताको रुपमा सूचिकृत गर्न अन्य आवश्यक कार्य गर्ने।

५. **थपघट, हेरफेर वा संशोधनः** नगरसभा/कार्यपालिकाले यस कार्यबिधिलाई आवश्यकता अनुसार थपघट वा हेरफेर वा संशोधन गर्न सक्नेछ।

६. **बाधा अड्काउ फुकाउः** यो कार्यबिधि कार्यान्वयनको सम्वन्धमा कुनै बाधा अड्काउ परेमा यस कार्यबिधिको मूलमर्म प्रतिकूल नहुने गरि नगर कार्यपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउन आवश्यक व्यवस्था गर्न सक्नेछ।

प्रमाणीकरण मिति : २०७८/०३/३१

आज्ञाले,
डिल्लीराज बेल्बासे
प्रमुख प्रशासकीय अधिकृत